# बधशाला र देश

*भक्तराज न्यौपाने*

देश
बधशालामा रुपान्तरित
भइरहेछ दिनहू
मुक्तिको नाममा
बढी रहेछ नरबली ।

बधशालाका बगलमा
मृत्युको प्रतीक्षामा
पशु र पंक्षीहरूको लाम लागे जस्तै
मृत्यु कोतमा
नरबली दिन आतुरहरूले
मान्छेहरूलाई तानिरहेछन्, घचेटिरहेछन् ।

बगिरहेछ रगतको नदी
तर आत्मा पग्लदैंन, नरपिशाचहरूको
मान्छे,
प्रकृतिको सर्वोत्कृष्ट सिर्जना
पशुवता मारिंदा
विजय उल्लास मनाउछ, मान्छे
कठै !
यतिसम्म पतन हुदोरहेछ मान्छेको
वसुदैव कुटुम्बकम्
सर्वेभवन्तु सुखिनम्
अहिंसा परमो धर्म
हराएर एकाएक
बुद्धको देश युद्धमा उत्रिंदा
नमीठो हरक आइरहेछ
नरमेधको दङ्गदङ्गी ।

छोडी जाने ठाउ छैन
सबैलाई रोक्ने शक्ति छैन
देश नै,
बधशालामा रुपान्तरित 'शान्ति क्षेत्र'
कसले जगाउछ प्रभु ?
आफन्तबाटै त्रसित म
कहा जाउ ?

*- बेखसिम्ले -९, काभ्रे*